प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट : dang.akc.gov.np

लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र,दाङ

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१९**

कृषि ज्ञान केन्द्र, दाङको चालू आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रममा दाङ जिल्ला भित्र सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८०/०८/१८ गते सम्म) यस कार्यालयमा तपशिलको कागजातहरु सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निबेदनको ढाँचा व्यवसायिक योजना संलग्न गर्नुपर्ने कागजात तथा कृषि विकास कार्यक्रम संचालन कार्यविधि- २०८० यस कार्यालयको सूचना पाटी वा वेवसाईट *dang.akc.gov.np* वाट प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८२-५६००२५/९८५७८४५७२५ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ। साथै सिचांइ सहित कृषि विकास कार्यक्रमको हकमा कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार यसका न्यूनतम् मापदण्ड, संचालन गर्न सकिने क्रियाकलापहरु र अनुदान सीमामा संशोधन भई आएमा सोही अनुसार हुनेछ।

तपशिल,

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम</th><th>न्यूनतम् मापदण्ड</th><th>संचालन गर्न सकिने क्रियाकलापहरु</th><th>अनुदान सीमा</th><th>आवेदकको किसिम</th></tr>
<tr><td>१</td><td>सिंचाई सहित कृषि विकास कार्यक्रम</td><td>कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० वमोजिम हुनेछ।<br>साना सिंचाइ पुर्वाधार निर्माण तथा सुधार गरी व्यवसायिक खेती गर्नुपर्ने ।<br>सिचांइ प्रविधि वाहेकका उत्पादन कार्यको लगानी कृषक स्वयंले गर्नुपर्ने ।<br>खाद्यान्न / दहलन / तेलहन का लागी न्यूनतम १ हेक्टर हुनुपर्ने ।<br>तरकारी खेती वा फलफुल खेतीका लागि न्यूनतम् ०.५ हेक्टर ।</td><td>सोलार सिंचाई, थोपा सिंचाइ , बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर जस्ता प्रविधिका लागि समाग्री खरिद तथा कुलो, साना नहर, पोखरी, स्यालो टयुवेल निर्माण तथा मर्मतका लागि सिमेन्ट, बालुवा, रड, आदि, निर्माण खर्च।</td><td>७५ प्रतिशत अनुदान।<br>-प्रति आयोजना<br>समुदायिकको हकमा बढीमा रू. ५ लाख वा निजी को हकमा बढीमा रू. २ लाख।</td><td>कृषक/ कृषि फर्म/ कृषक समूह/कृषि सहकारी / कम्पनि / उपभोक्ता समिति</td></tr>
<tr><td>२.</td><td>बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम-तरकारी</td><td>• कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• देहाय बमोजिमको मापदण्ड अनुसार cluster approach मा क्षेत्रफल विस्तार गर्नुपर्ने।<table><tr><th>क्र.सं.</th><th>बाली</th><th>क्षेत्रफल (हे.)/क्लस्टर संख्या</th><th>बजेट रु. लाख</th></tr><tr><td>५</td><td>तरकारी</td><td>२० (बढीमा ५ क्लस्टर)</td><td>२५</td></tr></table></td><td>• बीउ/बीरुवा तथा अन्य उत्पादन सामग्री सहयोग,<br>• क्षमता अभिबृद्धि.<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा,<br>प्रशोधन तथा बजारिकरण सहजिकरण।</td><td>• कार्यालयले बीउ/बिरुवा खरिद गरी शतप्रतिशत र बाँकी रकम आवश्यकताका आधारमा प्रति हेक्टर रू. पाँच हजार नबढ्ने गरी अन्य उत्पादन सामग्रीका लागि खर्च गर्न सकिनेछ।<br>क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली रु. १ लाख नबढ्ने गरी खर्च गर्न सकिनेछ।</td><td>कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/सहकारी</td></tr>
</table>

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावको निवेदन (अनुसूचि २बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ( कार्यक्रमको प्रकृति अनुसार) (अनुसूचि ३ बमोजिम) र उक्त जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी तथा चालु आव को मालपोत तिरेको रसिद ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माँग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान ।
१०. पुर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१५ वर्ष वा तोकिएको अवधिको) करार पत्र।

२०८०/६/१९

नरेश घिमाल
प्रमुख
कृषि अधिकृत (नवौं तह)